annapurnapost.com
अन्नपूर्ण पोस्ट
वर्ष २३, अंक २७१ पृष्ठ १० | काठमाडौं, मंगलबार २२ माघ २०८१ | मार्ग शुक्लपक्ष षष्ठी, नेपाल संवत् ११४५ | TUESDAY, FEBRUARY 4, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०


कभर स्टोरी

## पाठेघरको मुखको क्यान्सर

# आमालाई डरैडर, छोरीलाई खोपको भर

सन्दर्भः
विश्व क्यान्सर दिवस

ह्युमन प्यापिलोमा भाइरस (एचपीभी भाइरस) को संक्रमणबाट हुने पाठेघरको मुखको क्यान्सरबाट दैनिक चार जना नेपाली आमाको ज्यान जान्छ। खोप लगाउन नपाएकै कारण अर्धबैंसे महिलाको ज्यान दिनहुँ गइरहेको बेला सरकारले १० देखि १४ वर्षका झन्डै १७ लाख किशोरीलाई निःशुल्क एचपीभी खोप उपलब्ध गराउँदै छ। क्यान्सर रोग विशेषज्ञहरू भन्छन्, 'यो खोप प्रभावकारी र सुरक्षित छ। किशोरावस्थामै एचपीभी खोप लगाउँदा पाठेघरको मुखको क्यान्सर हुनबाट जोगिन सकिन्छ।'



**एचपीभी खोप लगाउन लक्षित जनसंख्या**

| प्रदेश | जनसंख्या |
| --- | --- |
| कोशी | २५८८९० |
| मधेस | ४०८५३६ |
| बागमती | २७८२६४ |
| गण्डकी | ११७५०९ |
| लुम्बिनी | ३०१३०२ |
| कर्णाली | १२७६६३ |
| सुदूरपश्चिम | १९६६०४ |

समाचार पृष्ठ २

**दिनेश गौतम** | *काठमाडौं*
– को रिपोर्ट

*स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय*

### एचपीभी खोप : कहिले र कसरी लगाइँदै छ ?



**खोप अभियान सञ्चालन :**
२०८१ माघ २२ गतेदेखि फागुन ६ सम्म

**लक्षित समूह :**
कक्षा ६ देखि १० सम्मका छात्राहरू र विद्यालय नजाने १० देखि १४ वर्ष उमेरका किशोरीहरू

**लक्षित संख्या :**
१६ लाख ८८ हजार ७ सय ६८ (राष्ट्रिय जनगणना २०७८ को नतिजा र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित फ्ल्यास रिपोर्ट २०७८ को तथ्यांकको आधारमा अनुमान गरिएको)

**खोप केन्द्र :**
कक्षा ६ देखि १० सम्म अध्ययन–अध्यापन हुने हरेक विद्यालय र अभियानको अन्तिम दिन स्वास्थ्य संस्था र बाह्य खोप केन्द्रहरू

खोप केन्द्र सञ्चालन हुने विद्यालय संख्या : १८,९००

अन्य खोप केन्द्रहरूको संख्या : ८,२००

खोप दिने स्वास्थ्यकर्मीको संख्या : २७,०८०

परिचालन हुने स्वयंसेवकहरूको संख्या : ५४,१६०

परिचालन हुने सुपरिवेक्षकहरूको संख्या : १५,६७४

प्राप्त खोपको परिमाण : १७,७०,०२०

## सामाजिक सञ्जाल प्लेटफर्म दर्ता गर्न ताकेता, हालसम्म तीनवटा मात्रै दर्ता

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

सामाजिक सञ्जाल प्लेटफर्म दर्ता गर्न सरकारले ताकेता गरेको छ। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सार्वजनिक सूचना जारी गरी सामाजिक सञ्जाल प्लेटफर्मलाई तुरुन्त दर्ता गर्न भनेको छ। मन्त्रालय प्रवक्ता एवं सहसचिव गजेन्द्रकुमार ठाकुरले नियमनका लागि दर्ता गर्न ताकेता गरिएको बताए।

मिथ्या सूचना, अपराधिक क्रियाकलाप लगायतमा सामाजिक सञ्जालको व्यापक प्रयोग भइरहेकाले पनि दर्ताको आवश्यकता महसुस भएको उनले बताए। सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८० को दफा ३ मा सामाजिक सञ्जाल सञ्चालन गर्न चाहने वा सञ्चालनमा रहेका व्यक्ति, कम्पनी वा संस्थाले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सूचीकरण गर्नुपर्ने व्यवस्था छ।

त्यही व्यवस्थाको अनुसार नेपालभित्र सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्न चाहने वा गरेका व्यक्ति, कम्पनी वा संस्थालाई सूचीकरण गर्न आग्रह गरिएको मन्त्रालयले जनाएको छ। त्यसको साथै व्यक्ति, कम्पनी वा संस्थाले नेपालभित्र सम्पर्क बिन्दु (पोइन्ट अफ कन्ट्याक्ट) को व्यवस्था गर्नुपर्ने उल्लेख छ। मन्त्रालयले नेपालभित्र सम्पर्क बिन्दु (पोइन्ट अफ कन्ट्याक्ट) को व्यवस्थासहित निर्देशिकाको प्रावधानहरूको पालनाको सुनिश्चितता गर्न सूचनामार्फत सम्बन्धित सबैमा जानकारी गराएको छ।

सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका बमोजिमको व्यवस्था पालना नभएमा सामाजिक सञ्जाल प्लेटफर्मलाई नेपालभित्र सञ्चालनमा रोक लगाउन सक्ने चेतावनी पनि मन्त्रालयले दिएको छ।

गत वर्ष भदौ ६ गतेको मन्त्रिपरिषद्को बैठकले मुलुकभित्र सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालनका निम्ति दर्ता हुनुपर्ने व्यवस्था गरेको थियो। सामाजिक सञ्जाल प्लेटफर्महरूले नेपालको पर्यटन प्रबर्धनमा सहयोग पुऱ्याउनेदेखि इन्टरनेट सुरक्षा र डिजिटल साक्षरता कार्यक्रम सञ्चालन गर्ने छ।

» बाँकी पृष्ठ ५

## के चुरे बोर्ड खारेज हुँदैछ ?

### स्वार्थ समूहको प्रभावमा परेर विघटन नगर्न पूर्वराष्ट्रपति डा. यादवको सुझाव

**राजकरण महतो** | *काठमाडौं*

राष्ट्रपति चुरे तराई–मधेस संरक्षण विकास समिति खारेज गरेर वन मन्त्रालयअन्तर्गत बनाउने तयारी अघि बढेको छ। मन्त्रालय उच्च स्रोतका अनुसार, वनमन्त्री ऐनबहादुर शाही उक्त प्रस्ताव मन्त्रिपरिषद्मा पेस गर्ने गृहकार्यमा छन्।

चुरे बोर्डका काम–कारबाहीलाई लिएर एक महिनाअघि वन मन्त्रालय प्रशासन महाशाखाका सहसचिव भूपाल बरालको संयोजकत्वमा अध्ययन समिति गठन गरिएको थियो। समितिले चुरे बोर्ड खारेज गर्न उचित हुने सिफारिस गरेको स्रोतले जनायो। त्यसैलाई कार्यान्वयन गर्ने पहल भइरहेको हो।

वनसचिव दीपककुमार खरालले भने यसको इन्कार गरे। 'चुरे बोर्डको काम, कारबाही, संरचनाका विषयमा धेरै गुनासाहरू आए। त्यसको अध्ययन गर्न कार्यदल बनाएका थियौं। त्यसले चुरेको कामलाई अझै प्रभावकारी बनाउन पर्छ भनेर प्रतिवेदन दिएको छ,' उनी भन्छन्, 'बरु बोर्डको पुनर्संरचना गर्ने अध्ययन समितिले सिफारिस गरेको छ।'



**चुरे संरक्षणका लागि बैशाखमा पैदल यात्रा गरेर काठमाडौं आएका मधेसवासीहरू।**

स्रोतका अनुसार वनमन्त्रीलाई नयाँ बन्ने संरचनाको अध्यक्ष बनाउने प्रस्ताव गरिएको छ। सचिव खरालले बोर्डलाई संघीय संरचनाअनुसार स्थानीय तह र प्रदेशसँग जोडेर अघि बढाउन अध्ययन प्रतिवेदनले सिफारिस गरेको जानकारी दिए। उनले अरू ऐनसँग नबाझिने गरी चुरे संरक्षणका कानुन बनाउन जरुरी रहेको भन्ने औंल्याए। यसअघि योग्यता नपुगेको ठहर गर्दै उच्च अदालत पाटनले चुरे बोर्डका दुई सदस्य डा. भेषराज आचार्य र शशी शर्मालाई हटाएको थियो।

तत्कालीन राष्ट्रपति डा. रामवरण यादवको विशेष पहलमा दोहनले नष्ट हुँदै गएको चुरेलाई संरक्षण गर्न २०७१ मा चुरे बोर्ड गठन गरिएको थियो। यसलाई विघटन गर्ने जानकारी आफूसम्म पनि आएको उल्लेख गर्दै पूर्वराष्ट्रपति डा. यादवले यसमा गहिरो चिन्ता जनाए। 'चुरे तराई मधेसको जीवन हो। पानी र अन्नको भण्डारको स्रोत पनि हो। यसको संरक्षणका लागि चुरे संरक्षण ऐन चाहिएको छ', उनले भने, 'चुरे संरक्षणमा काम गरिरहेको बोर्डलाई भुलेर पनि सरकारले विघटन र वन मन्त्रालयको शाखा बनाउन हुँदैन। बरु यसलाई अधिकारसम्पन्न प्राधिकरण बनाउनुपर्छ।'

चुरिया संवेदनशील कान्छो पहाड रहेको चुरेविज्ञ डा. विजयकुमार सिंह बताउँछन्। उनी पनि यसको खारेजी गर्न नहुने धारणा राख्छन्। 'चुरे हाम्रो आमा हो। जसरी आमाले आफ्नो वक्षस्थलबाट सन्तानको भोक मेटाउँछिन्। त्यसैगरी चुरे आमाले आफ्नो भूगर्भबाट तराई मधेसका ६१ प्रतिशत नागरिकको खानेपानी उपलब्ध गराए प्यास मेटाउँछिन्', उनी भन्छन्, 'भोजनका लागि सिँचाइको प्रबन्ध मिलाउँछिन्। त्यसैले यसलाई संरक्षण गनुपर्छ। यसमाथि राजनीति गर्नु हुँदैन।'

» बाँकी पृष्ठ ५

## यूएसएआईडी बन्द हुनुपर्छ भन्नेमा ट्रम्प सहमत : मस्क



**वासिङ्टन** (एजेन्सी) : राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी अन्तर्राष्ट्रिय विकास एजेन्सी (यूएसएआईडी) बन्द हुनुपर्छ भन्नेमा सहमति जनाएको विश्वका सर्वाधिक धनाढ्य एवं स्पेस एक्सका मालिक एलन मस्कले बताएका छन्। एजेन्सीको कोष रोक्का भएपछि र यसका दर्जनौं कर्मचारीहरूलाई बिदामा राखिएपछि यसको भविष्यका बारेमा दिनहुँ अनुमान भइरहेका बेलामा मस्कले यस्तो बताएका हुन्।

'यूएसएआईडीका बारेमा मैले राष्ट्रपतिसँग विस्तृत रूपमा छलफल गरें र उहाँले यसलाई बन्द गर्नुपर्छ भन्ने कुरामा सहमति जनाउनुभयो', मस्कले सोमवार बिहान एक्स स्पेसेससँगको कुराकानीमा भने।

» बाँकी पृष्ठ ५

## फ्लाइओभर निर्माण अड्केको अड्कियै, आयोजना प्रमुख तर्केको तर्कियै

**अन्नपूर्ण** | *काठमाडौं*

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सडक विभागका जिम्मेवार व्यक्तिहरूको हेलचेक्र्याइँले ललितपुरको ग्वार्कोमा निर्माणाधीन फ्लाइओभर तोकिएको समयमा सम्पन्न हुन नसक्दा सर्वसाधारणले सास्ती व्यहोर्दै आएका छन्। दुई वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी निर्माण थालिएको फ्लाइओभरको काम अझै सकिएको छैन। दुई वर्षभित्र बनाइसक्ने गरी २०७८ सालमा सडक विभागको गुणस्तर अनुसन्धान तथा विकास केन्द्रले ईपीसी मोडेलमा टेन्डर गरेको थियो।

टेन्डर प्रक्रियाबाट आशिष–समानान्तर–रैलिगेर जेभीसँग २०७८ फागुनमा ठेक्का सम्झौता भएको थियो। सम्झौता गर्ने बेलामा फ्लाइओभर आयोजना प्रमुखमा निर्देशक प्रभातकुमार झा थिए। तर, पछि उक्त आयोजना प्रमुखबाट झा हटे। त्यसपछि केलाशकुमार श्रेष्ठ, नवीनमान श्रेष्ठ, अजय मूल, नरेशमान शाक्य उक्त आयोजनाको प्रमुख बने। तर आश्चर्यजनक कुरा त के छ भने अहिले फेरि उनै झा आयोजना प्रमुख छन्।



पछिल्लोपटक झा आयोजना प्रमुख बनेर आएपछि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सडक विभागका कर्मचारीहरू आश्चर्यमा परेका छन्। 'कुनै न कुनै स्वार्थ भएपछि ठूलै कसरतमा भाजी त्यहाँ फेरि आयोजना प्रमुख बनेर जानुभयो,' मन्त्रालयका एक अधिकारीले अन्नपूर्णलाई बताए। आयोजना प्रमुख फेरिरहने र स्वार्थ बोकेर आयोजना प्रमुख आउन थालेपछि फ्लाइओभर निर्माणमा ढिलाइ भइरहेको छ। सडक विभागका प्रवक्ता अर्जुनप्रसाद अर्यालले केही दिनदेखि फ्लाइओभर निर्माणको काम रोकिएको बताए। तर, उनले किन रोकिएको भन्नेबारे अनभिज्ञता प्रकट गरे। प्रवक्ता अर्यालले अन्नपूर्णसँग भने, 'मैले आयोजना प्रमुखलाई छलफलका लागि बोलाएको छु। उहाँसँग कुरा भएपछि मात्र निर्माण रोकिएको कारण भन्न सक्छु।'

निर्माण पक्षले आयोजना प्रमुख झाले विगतका आयोजना प्रमुखले गरेका कामलाई निरन्तरता नदिएको र झाकै कारण काममा ढिलासुस्ती भएको गुनासो गरेको छ। आफू नहुँदा भएका डिजाइन, ल्याब टेस्ट, गुणस्तर सुनिश्चितता योजनालगायतका कामलाई झाले निरन्तरता दिएका छैनन्। आयोजना प्रमुख झाले यसअघि बनिसकेका कतिपय प्राविधिक योजनालाई कार्यान्वयन नगर्दा फ्लाइओभर समयमा नबन्ने र त्यसको लागतसमेत बढेको छ।

यसअघि भएको गुणस्तर सुनिश्चितता योजनालाई समेत झाले मान्यता नदिई पुनः परीक्षण गराउने र फेरि अर्को योजना बनाउन लगाएको छन्। जसले गर्दा फ्लाइओभरको निर्माणकार्य समयमा सम्पन्न गर्न नसकिने र लागतसमेत बढ्ने निर्माण पक्षले जनाएको छ।

» बाँकी पृष्ठ ५